# जिल्ला अस्पताल अछाम
# मंगलसेन अछाम

## आ.व.२०८०/८१

# वार्षिक प्रतिवेदन

# बिषय सुचि


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | कृतज्ञता | २ |
| २. | अछाम जिल्लाको परिचय | ३ |
| ३ | अस्पतालको भौतिक संरचना | ५ |
| ४ | OPD Building | ८ |
| ५ | मानव संसोधन | १० |
| ६ | बर्तमान स्थीती | १० |
| ७ | अस्पतालबाट प्रदान गरिने मुख्य सेवाहरूको बिवरण | ११ |
| ८ | डाक्टर बिरामी अनुपात | १२ |
| ९ | Top Ten Morbidity Among Out Patient | १४ |
| १० | बार्षिक सेवाग्राहिको संख्या | १५ |
| ११ | निःसुल्क अन्तरंग सेवा | १६ |
| १२ | सुरक्षित प्रसुति जम्मा संख्या | १७ |
| १३ | सुरक्षित गर्भपतन सेवा पाएका सेवाग्राहिको संख्या | २० |
| १४ | भिडियो एक्स रे सेवा | २१ |
| १५ | प्रयोगशाला सेवा | २२ |
| १६ | ए.आर.टि.सेवा | २३ |
| १७ | रक्तसञ्चार सेवा | २४ |
| १८ | एकद्धार संकट व्यवस्थापन केन्द्र-OCMC_ | २५ |
| १९ | निशुल्क स्वास्थ्य सेवा | २६ |
| २० | निशुल्क औषधि बितरण सेवा | २७ |
| २१ | जिल्ला अस्पतालका नया प्रयासहरू | २८ |
| २२ | अस्पतालको भावी कार्ययोजना | २९ |
| २३ | केहि तस्वीरहरू | ३० |
| | | |

# कृतज्ञता

जिल्ला अस्पताल अछामले बार्षिक स्वास्थ्य प्रतिवेदन प्रकाशित गरिरहदा गौरवान्वित महसुस भएको छ । यो प्रतिवेदनले विशेषत यस अस्पताल बाट प्रवाह भईरहेका सेवाहरु तथा अस्पतालको उपलब्धीहरु समस्या एंव चुनौती र भवि कार्यदिशाको लागी सुझावहरु समिटिएको छ ।

यस प्रतिवेदनमा समावेश गरिएकातथ्याङ्क एंव जानकारीहरु यसै अस्पतालको अभिलेखमा रेकर्ड गरिएका डाटाहरु संकलन गरिएर राखिएका हुन । यस अस्पतालले अहिलेको समयमा प्रवाह गरिरहेका सेवाहरु पहिलेको तुलनामा ठिक छ भन्ने कुरामा पनि म विश्स्त छु ।

यस अस्पताल लाई अहिलेको अवस्थामा पुर्याउन सहयोग गर्नु हुने अस्पतालका डाक्टर नर्स लगायतका सम्पुर्ण स्वास्थ्यकर्मी तथा अन्य सहयोगी कर्मचारीहरुलाई धन्यावाद दिन चाहान्छु । अछाम जिल्लाको स्वास्थ्य अवस्थालाई माथि उठाउन र गुणस्तरीय सेवा प्रवाह गर्नुमा मलाई सहयोग गर्नु हुने यस अस्पतालका समितिका पदाधिकारी अस्पताल प्रशासन लगायत सम्पुर्ण अस्पताल परिवारलाई विशेष धन्यवाद व्यक्त गर्दछु । र आगामी दिनमा पनि सोही अपेक्षा राखेको छु ।

अन्तमा यस अस्पतालमा बाहिरवाट सहयोग गर्दै आईरहेका साझेदार संस्थाहरु र यो प्रतिवेदन लेखनमा सक्रिय योगदान पुर्याउन हुने सम्पुर्ण व्यक्तिहरुलाई धन्यवाद दिदै यो प्रतिवेदन अगामी दिनहरुमा योजना निर्माणमा स्थानीय प्रदेश र संघिय सरकार बिच समन्वयात्मक क्षेत्रमा सहयोग पुर्याउन अपेक्षा समेत राखेको छु ।

डा.कमलेश प्रसाद यादव


नि.मे.सु.

## १ अछाम जिल्लाको परिचय

सुदुरपश्चिम प्रदेशका ९ जिल्लाहरु मध्ये अछाम पहाडी भागमा पर्ने एक दूर्गम जिल्ला हो। यसको उत्तरमा बझाङ्ग र बाजुरा, दक्षिणमा सुर्खेत, पूर्वमा कालीकोट र दैलेख तथा पश्चिममा डोटी जिल्ला रहेका छन् ।

ऐतिहासिक पृष्ठभूमि

ऐतिहासिक पृष्ठभूमिको अध्ययन बिना कुनै पनि स्थान तथा ठाउँ विशेषको वर्तमान सधै अधुरो हुन जान्छ।पृष्ठभूमी अध्ययनको क्रममा अछाम जिल्लाको आफ्नै किसिमको ऐतिहासिक पहिचान छ। यस जिल्लाको नामाकरणको सन्दर्भमा निम्नानुसारका जनश्रुतीहरु बढी पाईन्छन् ।




प्रथम, प्राचीन कालमा भारतीय मुगल साम्राज्यको चर्को दमन र उत्पिडन सहन नसकी त्यहाँबाट ठूलो संख्यामा हिन्दुहरु बसाई सर्न बाध्य भए। घुम्दै हिड्ने क्रममा तिनीहरु वर्तमान नेपालको नौखुवा (वर्तमान अछाम) पुगे। त्यस बेला नौखुवा प्रशस्त मीठो आँप पाउने स्थानको रुपमा परिचित थियो। अनुकूल हावापानी र प्रशस्त मीठो आँप पाइने भएको कारण घुमन्ते भारतीयहरुका लागि बसोबास गर्ने उपयुक्त भएकोले उनीहरु नौखुवामा बस्न थाले। हिन्दी भाषामा मिठो आँपलाई (अच्छा आम) भन्न थालियो। पछि अच्छा आम अप्रभंस हुँदै जाँदा प्रशस्त मिठो आम पाइने नौखुवालाई अछाम भनिन थालियो।

दोस्रो, डोटी जिल्लाका ब्राम्हण खानदानका गोपाल खतिवडा (भट्ट) भनिने ब्राहमणका चार भाई छोराहरु थिए।उनका चार छोराहरु लल्ल,विलल्ल,भाष र प्रभाष थिए। प्रभाषका देवचन्द्रसँग प्रसिद्ध जुम्ली राजाकी छोरी हार्मता मैयांसँग प्रेम विवाह भई केही वर्ष उनी जुम्ला बसेपछि नौखुवा राज्य विर्तामा पाई नौखुवामा शासन गर्न थालेकाले उनीबाट जन्मेका छोरा राजा हुने र शाह पदवी समेत पाउने संस्कार बसी अचम्म भएकोले अचम्म शब्द अप्रभंस हुँदै अछाम कहलिन पुग्यो।

तेस्रो, अछामी राजाको मुलथलो बट्टी (बुढो) अछाम अर्थात हाल सेरा गाविसको कवालेख भन्ने ठाउँमा थियो । त्यसपछि वान्नीगढी, पुनः कवालेख र मंगलसेनमा राज्य सरेको पाइन्छ । राणाकालीन अवस्थामा अछाम राज्य डोटी राज्यमा गाभिन गई खाद्यान्न आपूर्तिको केन्द्रको रुपमा रह्यो । अछामी जनतालाई डोटीसम्म खाद्यान्न ढुवानी गर्न बाध्य गराए र पछि अछामको कैलाशखोला पश्चिमको भू– भाग डोटी र पूर्वको भू– भाग दैलेख जिल्लामा गाभिएको पाइन्छ । वि.सं. २०१४/२०१५ सालतिर यहाँका जनताहरुद्वारा तत्कालीन राजा श्री ५ महेन्द्र समक्ष छुट्टै जिल्ला घोषणा गरियोस भनी बिन्तिपत्र चढाए बमोजिम राजाबाट माल बुझि दिनु भन्ने हुकुम भयो। तत्पश्चात २०१८ साल बैशाख १ गते अछाम नेपाल अधिराज्यको मानचित्रमा छुट्टै जिल्लाको रुपमा अस्तित्वमा आएको पाइन्छ।

भौगोलिक अवस्थिति

यस जिल्लाको भौगोलिक बनावट हेर्दा यहाँ नदी किनारका बेसी, फाँटहरु देखि उच्च पहाडी लेकहरुसम्म रहेका छन् । यहाँको सम्पूर्ण धरातललाई पहाडी भू– भागको रुपमा परिभाषित गर्न सकिन्छ । साँफेबगर, बैजनाथ, प्रभाली गाड, चाइरवा, कुञ्जेडा आदि नदी तथा किनारी भागहरु प्रशस्त अन्न उत्पादनका क्षेत्रहरु हुन भने रामारोशन, खप्तड, ऋषिदह, षोड्शादेवी, शान्तडा, ठूलासेन, गैरीटाँड र कमलबजार आदि उच्च पहाडी भेगहरु हुन् ।भौगोलिक अवस्थिति हेर्दा २८.४५ डिग्री उत्तरी अक्षांश देखि २९.३३ डिग्री उत्तरी अक्षांशसम्म र ८१.०२ डिग्री पुर्वी देशान्तर देखि ८१.३५ डिग्री पुर्वी देशान्तरसम्म १६९२ वर्ग किलोमिटर क्षेत्रमा यो जिल्ला विस्तार भएको छ । यस जिल्लाको सीमाना पूर्वमा कालीकोट र दैलेख, पश्चिममा डोटी, उत्तरमा बाजुरा र बझाङ्ग त्यस्तै दक्षिणमा सुर्खेत जिल्ला रहेको छ । समुन्द्री सतहदेखि न्यूनतम ४५० मिटरको उचाई देखि अधिकतम ३८२० मिटरसम्मको उचाईमा यो जिल्लाको विस्तार भएको छ । जिल्ला सरदमुकाम मंगलसेन समुन्द्री सतहदेखि १३२६ मिटर उचाईमा रहेको छ ।

## २ भौगोलिक विभाजन

अछाम जिल्ला पूर्ण रुपमा मध्ये महाभारतीय पर्वत क्षेत्रमा पर्ने हुँदा यहाँको सम्पूर्ण धरातलमा पर्वतीय विशेषता झल्किन्छ । भू– धरालतीय ढीबलमकअबउभण आधारमा अछाम जिल्लालाई ३ भागमा विभाजन गर्न सकिन्छ,

क) बेसी क्षेत्रः जिल्लाका प्रमुख नदी र नदी किनारमा पर्ने क्षेत्रहरु यस अन्तर्गत पर्दछन्। जिल्लाका प्रमुख नदी किनार क्षेत्रहरु कृषि उत्पादनका लागि प्रसिद्ध मानिन्छन्। जिल्लाको प्रमुख व्यापारिक क्षेत्र साँफेबगर यस क्षेत्रमा पर्दछ । यसका अलावा बैजनाथ, ककटसान, सुगाली, चाईरवा, कैलासखोला, तथा बेलखेत, तुल्ता, असारा, भुलु लगायतका कर्णाली नदिको तटिय क्षेत्र तथा लोडया बगरजस्ता क्षेत्रहरु यस प्रदेशमा पर्दछन् ।

ख) मध्य पहाडी लेक क्षेत्रः समुद्र सतहबाट १२२० मिटर देखि ३१३४ मिटरसम्मको पहाडी भू– भाग यस अन्तर्गत पर्दछन् । जिल्लाको दुई तिहाई भाग यस क्षेत्र अन्तर्गत पर्दछन् । जिल्लाको सदरमुकाम मंगलसेन यसै क्षेत्रमा पर्दछ। अन्नवालीहरुमा विशेषगरी घैया, मकै, गहुँ, जौं, कोदो तथा तेलहन आदिको उत्पादन हुने भएतापनि यो क्षेत्र विशेष गरी अमिलो जातका फलफूलहरु जस्तै सुन्तला, मौसम तथा कागतिको लागि प्रसिद्ध मानिन्छ ।

ग) उत्तरी भिरालो लेक क्षेत्रः समुन्द्री सतहबाट ३१३४ मिटर भन्दा माथिको यस क्षेत्रमा पर्दछ । यो क्षेत्रमा खप्तड, रामारोशन, ऋषिदह आदि जस्ता प्रसिद्ध क्षेत्रहरु यस प्रदेशमा पदछन् । यहा ा हिउँद ऋतुमा प्राय हिमपात हुने, दुर्लभ वन्यजन्तु र जडिबुटी तथा खनिज पदार्थको दृष्टिकोणले यो क्षेत्रलाई महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा अन्नवाली विशेषगरी मकै, जौं, उवा, तरकारी, आलु र फलफूलहरुमा ओखर खेतीको प्रचुर सम्भावना देखिन्छ ।

राजनैतिक तथा प्रशासनिक विभाजन

वि.सं. २०१४ साल सम्म पनि हालको अछाम जिल्लाको कैलाशखोला पूर्व तर्फको भू– भाग दैलेख जिल्ला र सोही खोलाको पश्चिम तर्फको भू– भाग डोटी जिल्ला अन्तर्गत रहेको थियो।जनजागरण क्षेत्र विशेषको जिम्मेवारीले अछाम जनताहरुको प्रयासका वावजुद २०१८ साल वैशाख १ गते अछाम बेग्लै जिल्लाका रुपमा स्थापना भएको थियो। यसरी स्थापित अछाम जिल्लामा हालको संघिय संरचना अनुसार २ वटा संघिय निर्वाचन क्षेत्र, ४ वटा प्रदेश निर्वाचन क्षेत्र,४ वटा नगरपालिका,६ वटा गाउंपालिका र ९१ वटा वडाहरु रहेका छन ।

### १.२ जिल्ला अस्पताल अछाम : परिचय

सुदुरपश्चिमाञ्चल बिकास क्षेत्रकोअछाम जिल्लाको सदरमुकाम तथा मंगलसेन नगरपालीका वडा नं. ५ मा अवस्थित जिल्ला अस्पताल अछाम, जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गतको सरकारी स्वास्थ्य सेवा प्रदायक संस्था हो, यसले ४५ रोपनी जग्गा ओगेटेको छ । स्वास्थ्य मन्त्रालयद्धारा १५ शैया अस्पताल स्विकृत भएतापनी हाल यस अस्पतालले ३० शैया सञ्चालन गरि सेवा प्रवाह गरिरहेको छ । अस्पतालले स्थानिय समुदायका सेवाग्राहीहरूलाई निशुल्क तथा न्युन शुल्कमा सर्वसुलभ एबम् गुणस्तरिय उपचारात्मक, प्रतिकात्मक र प्रबर्द्धनात्मक सेवा प्रदान गर्दै आईरहेको छ । अस्पताल बाट प्रदान गरिने उपचारात्मक सेवा तर्फ ओ.पि.डि. सेवा, २४ सै घण्टे ईमरजेन्सी सेवा, निशुल्क अन्तरंग सेवा, सुरक्षित प्रसुति सेवा, डट्स सेवा, ए.आर.टि सेवा, सुरक्षित गर्भपतन सेवा, रक्तसञ्चार सेवा, ल्याव सेवा, एक्स रे, इ.सि.जि तथा भिडियो एक्स रे, शल्यक्रिया सेवा जस्ता सेवा हरू पर्दछन भने प्रबर्द्धनात्मक तथा प्रतिकारात्क स्वास्थ्य सेवा तर्फ गर्भवति जाच, परिवार नियोजन सेवा, खोप सेवा र स्वास्थ्य शिक्षा सेवा पर्दछन् यस का साथै जिल्ला अस्पताल अछाममा लैगिंक हिंसा बाट पिडितहरूको लागी एकद्धार संकट ब्यबस्थापन केन्द्र पनि रहेको छ जहा लैगिंक हिंसा बाट पिडितहरूलाई निशुल्क स्वास्थ्य जाच तथा परामर्शहरू दिईन्छ । जिल्ला अस्पताल अछाममा बिशेषज्ञ डाक्टर को उपलब्धता तथा गुणस्तरिय सेवा प्रवाहका कारण जिल्लाको प्रमुख तथा जिम्मेवार स्वास्थ्य संस्थाको रूपमा यस अस्पतालले जिल्लाभरका सम्पुर्ण स्वास्थ्य संस्थाको प्रेषण केन्द्रको रूपमा समेत कार्य गर्दछ ।

## क.भाबिसोच

स्वास्थ्य मन्त्रालयबाट हाल यस अस्पतालमा १५ सैयाको मात्र स्विकृति रहेकोमा आगामि दिनमा ५० सैयाको स्विकृति प्रदान गर्नका लागी पहल गर्ने ।जिल्ला अस्पतालको नयाँ भवनको लागि पहल गर्ने।

## ख.ध्यये

अस्पतालको व्यवस्थापकीय पक्षसुदृढ गरी अस्पताल स्तरवाट प्रदान गरिने न्यूनतम स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने । अस्पतालमा उपलब्ध स्रोत तथा साधनको अधिकतम प्रयोग गरि सेवाग्राहिलाई सर्वसुलभ एवम गुणस्तरिय सेवा को प्रत्याभुति गर्ने तथा प्रत्येक नागरिकले आधारभुत स्वास्थ्य सेवा निशुल्क पाउने मौलीक हकको सुनिश्चित गर्ने ।

## ग.मुलभुतमान्यता

- ईमान्दारीता

- जवाफदेहिता/उत्तरदायी
- बिरामीप्रति नरम र सृस्ट ब्यबहार, सम्मान, सेवाभाब
- पारदर्शिता
- समुह कार्य

## १.३ अस्पतालको भौतिक पुर्बाधार



क.जग्गा: जिल्ला अस्पताल अछाम ४५ रोपनी जग्गामा फैलीएको छ ।

ख.भौतिक संरचना

- OPD Building
  - General OPD Service Rooms
  - MCH Service Room
  - Dressing Room
  - Name Registration Room
  - Free Medicine dispensary Room
  - Patient Waiting Room
  - OCMC Service Room
  - DOTS and Leprosy Room
  - BMET Section
  - HDC Chief Room
- IPD Building
  - Male Ward
  - Female Ward
  - Isolation Ward
  - Nursing Rest Room
  - Indoor Store Room
  - ECG Service Room
- Emergency Building
  - Er. Service Room
  - Hospital Store Room

- ART Service Room
- CD4 Room
- Paramedics Rest Room

➢ Laboratory/Admin Building
- Laboratory Service Rooms
- X-Ray Service Rooms
- Medical Supertendant Section
- Hospital Administration/Medical Recorder Section
- Finance Section
- Meeting Hall

➢ CEONC Building
- USG Service Room
- Normal Delivery Room
- Operation Theatre
- CSSD Room
- Safe Abortion Service Room
- PAC Service Room
- Post Operative Room
- Post Natal Waiting Room

➢ Payable Medicine Dispensary Room
➢ Hospital Canteen
➢ Post Mortem house
➢ Toilet

## ग.औजार तथा उपकरणहरू

- OPD : Stethoscope, Sphygmomanometer (non-mercury), Thermometer, Otoscope, Flash light, Disposable Wooden tongue depressor, Tuning fork, Duck's Speculum, Proctoscope, Hand Sanitizer, Examination Gloves.
- EMERGENCY : Suture Set, Ambu bag, Oxygen, ECG Machine, BP Set, IV Stand, Otoscope Set, Trolley, Laryngoscope Set, Nebulizer Set, Stretcher, N/G Tube aspiration Set, Enema Set, Gastric Lavage Set, oxygen Tubes and Masks, Splints, Arm Slings, Pulse Oximeter, Glucometer, Flashlight.
- Indoor :Bp Set, Stethescope, Body Thermometer, Fetal Stethescope, Baby-weighing Scale, Self-inflating bag air mask-neonatal size, Mucus extractor with suction tube, Suction machine, Oxygen supply, Scissors, Forecep jar
- Labor Room :Bp Set, Stethescope, Body Thermometer, Fetal Stethescope, Body Scale, Self-inflating bag air mask-neonatal size, mucus extractor with suction tube, Vacuum set, Forecep, Cord cutting scissors, Artery forecep, Gallipot, Sponge forcep, Vaginal speculam, Rubber sheet, Plain catheter, Placenta bowel, Needle holder, Sponge holder, Suture cutting scissor, Dissecting forcep
- Operation Theatre : Stretcher, Patient Trolley, Wedge to position the patient, Matresses with water proof cover, Pillows, Bedpan, Revolving stool, Foot step, Mayo table, Instrumental trolley, Bowl stand, Lamp, Emergency light, Wall clock, Refrigerator, IV stand, Electrosurgical Cautery, Cardiac monitor, Neonatal radient warmer, Stethescope, BP apparatus, Fetoscope,

Drums for gloves, Tourniquet, Kidney tray, Dressing tray, CS Set, Appendictomy Set, MVA Set, I&D Set, Laparotomy Set, Minor Surgery Set


- Lab Room :Microscope, Semi Auto Analyzer, Incubator, Chemical Balance, Hot air oven, Refrigerator, Centrifuge, Counting Chamber, DLC Counter, Pipettes, Water Bath, Disposable test tubes, Autoclave.
- X-Ray Room : X-Ray film and cassettes 8*10, X-Ray film and cassettes 10*12, X-Ray film and cassettes 12*15, X-Ray Developer, X-Ray Fixer, Magnetic Gown
- USG Room : USG Machine with Printer

### घ.आवास गृह

जिल्ला अस्पतालअछाममा आवास गृह भने अपर्याप्त नैरहेको छ । अस्पतालमा कार्यरत कतिपय कर्मचारीले अस्पताल भन्दा टाढा बसोबास गर्दै सेवा दिदै आइरहनु भएको अवस्था छ ।

### १.४ मानव संसोधन

मेडिकल सुपरटेन्डेन्ट अस्पताल प्रमुख रहने जिल्ला अस्पताल अछाममा जम्मा २२ स्थायी कर्मचारीहरूको स्विकृत दरबन्दि रहेको छ, जसमा हाल उपलब्ध स्थायी कर्मचारी १२ जनाछन भने दरबन्दी अनुसार मेडिकल सुपरटेन्डेन्ट पद रिक्त रहेकोले हाल जिल्ला अस्पताल अछाममा कार्यरत स्थायी मेडिकल अधिकृत ले अस्पताल प्रमुखको सम्पुर्ण जिम्मेवारी वहन गरिरहनुभएको छ । हालअस्पतालमा मेडिकल अधिकृत स्थायी १ जना र करार ६ जना ,बि याम याल टि १ जना ,हे अ स्थायी १ जना, स्टाफ नर्स स्थायी २ जना ,ल्या .अ स्थायी १ जना ,अ हे ब स्थायी २ जना,अनमी/सि.अ.न.मि. स्थायी२ जना का स स्थाई ३ जना , गरिजम्मा१२ जना स्थायी कर्मचारी र५९ जना करारकर्मचारीहरू गरी जम्मा ७१ जना कर्मचारीहरु जिल्ला अस्पतालमा नियमित कार्यरत छन्।



➢ बर्तमान स्थीती

| अछाम जिल्ला अस्पतालको मानव संशाधन विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.न. | पद | स्वीकृत दरबन्दी | पदपुर्ति(स्वीकृत दरबन्दी) | | | करार(संघ र प्रदेश | करार(अ.व्य.स.) | जम्मा | कैफियत |
| | | | स्थायी | करार | रिक्त | | | | |
| १ | मे.सु./नवौँ | १ | | | १ | | | | |
| २ | मे.अ. | १ | १ | | | ६ | | ७ | संघीयकामकाज |
| ३ | ना.सु. | १ | | | १ | | | | दोहोरो जिम्मेवारी |
| ४ | स्टाफ नर्स | ३ | २ | १ | | ७ | | १० | |
| ५ | हे.अ./सि.अ.हे.व. | १ | १ | | | ६ | | ७ | काजसरुवा |
| ६ | अ.न.मि./सि.अ.न.मि. | २ | २ | | | ५ | | ७ | |
| ७ | रेडियोग्राफर | १ | | १ | | १ | | २ | |
| ८ | अ.हे.व. | २ | २ | | | ८ | | १० | |
| ९ | ल्याव असिष्टेन्ट | १ | १ | | | २ | १ | ४ | |
| १० | BMLT | | | | | १ | | १ | |
| ११ | कम्प्युटर अपरेटर | | | | | १ | | १ | |
| १२ | लेखा सहायक | | | | | | १ | १ | |
| १३ | फार्मेसी सहायक | | | | | २ | | २ | |
| १४ | ईलेक्ट्रिसियन | | | | | १ | | १ | |
| १५ | सेक्युरिटी गार्ड | | | | | ३ | | ३ | |
| १६ | ह.स.चा. | | | | | १ | | १ | |
| १७ | एम्बुलेन्सचालक | | | | | १ | | १ | |
| १८ | का.स. | ९ | ३ | ६ | | ३ | १ | १३ | |
| जम्मा | | २२ | १२ | ८ | २ | ४८ | ३ | ७१ | |

२.अस्पतालबाट प्रदान गरिने मुख्य सेवाहरूको बिवरण

२.१ उपचारात्मक सेवा

- बहिरंग सेवा
- २४ घण्टे ईमरजेन्सी सेवा
- निशुल्क अन्तरंग सेवा
- सुरक्षित प्रसुती सेवा
- डट्स सेवा
- शल्यक्रिया सेवा
- सुरक्षित गर्भपतन सेवा
- एक्सरे, ई.सि.जि. र भिडियो एक्सरे सेवा
- ल्याब सेवा
- ए.आर.टी. सेवा
- रक्तसञ्चार सेवा


## क.बहिरंग सेवा




जिल्ला अस्पताल अछाम बाट प्रदान गरिने बहिरंग सेवा शनिवार तथा सार्बजनीक बिदाका दिनहरूबाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि साझ ५:०० बजेसम्म नियमित रूपमा सञ्चालन गर्ने गरिन्छ, जहा मेडिकल अधिकृत हरूले नियमित रूपमा गुणस्तरिय सेवा प्रदान गर्दै आईरहनुभएको छ । जिल्ला अस्पताल बिकास समिति अछामले यो सेवा लिनका लागी नाम दर्ता बापत प्रतिब्यक्ति रू १० निर्धारण गरेको छ भने यस अस्पताबाट नेपाल सरकारले नि:शुल्क स्वास्थ्य सेवा पाउने भनि तोकिएका लक्षित बर्गहरूलाई यो सेवा निशुल्क प्रदान गर्ने गरिन्छ । स्थानिय समुदायलाई अस्पतालमा उपलब्ध स्रोत तथा साधनको उचित रूपमा प्रयोग गरी भरपर्दो सेवा प्रदान गर्नुका साथै उचित परामर्श सेवा नै यस अस्पतालको मूख्य बिषेशता हुन ।

❖ **बार्षिक सेवाग्राही चाप**

निम्नानुसार प्रस्तुत गरिएको तथ्यांक अनुसार जिल्ला अस्पताल अछामलै गत आर्थिक बर्षको तुलनामा यस आ.व.मा बहिरंग सेवा अन्तर्गत सेवाग्राहीको संख्या बढेको देखिन्छ, यसको मुख्य कारण यस आ.व कित्सकहरूको नियमित उपस्थिती तथा जिल्ला अस्पताल अछामको गुणस्तरीय सेवा प्रवाहलाई लिन सकिन्छ ।





❖ डाक्टर बिरामी अनुपात




माथिको तथ्यांक अनुसार यस आर्थिक बर्षमा जिल्ला अस्पताल अछाम कार्यरत चिकित्सकहरूमा एक जना चिकित्कसकले प्रति बर्ष ३५८३ जना सेवाग्राहिहरूलाई सेवा प्रदान गरेको देखिन्छ ।

❖ **Top Ten Morbidity Among Out Patient**

तल देखाईएको तथ्यांक अनुसार यस आर्थिक बर्षमा मुख्य १० रोगका बिरामी मध्ये URTI का बिरामीको संख्या सबैभन्दा बढि मात्रामा ओपिडिमा आएको देखिन्छजुन रोग कुल ओपिडीमा सेवा प्राप्त गर्ने सेवागाृहीको करीव ६.४८प्रतिशत रहेको छ तथा यो रोग मुख्य समस्याका रूपमा यस जिल्ला मा रहेको देखिन्छ । मुख्य १० रोगहरूको क्रम अनुसार यस आर्थिक बर्षमा Viral Influenza१० औ स्थान मा रहेको देखिन्छ ।





## ख.आकश्मिक सेवा





अस्पतालबाट प्रदान गरिने यो सेवा मा हरेक दिन तिन सिफ्ट ड्युटि अनुसार खटाईएका पारामेडिक्स तथा अन कल ड्युटिमा रहेका चिकित्सकहरूले प्रत्येक दिन चौबिसै घण्टा सेवा प्रदान गर्ने गर्दछन । यो सेवा प्रवाहको लागी जिल्ला अस्पताल अछामले पाँच वटा बेडको व्यवस्था गरेको छ । यो सेवा लिनका लागी अस्पताल बिकास समिति अछाम बाट प्रतिब्यक्ति रू ३० सेवा शुल्क निर्धारण गरेको छ तर नेपाल सरकारले नि:शुल्क स्वास्थ्य सेवा पाउने भनि तोकिएका लक्षित बर्गहरूलाई यो सेवा निशुल्क प्रदान गर्ने गरिन्छ ।

- ❖ **बार्षिक सेवाग्राहिको संख्या**

तल देखाईएको तथ्यांक अनुसार यस आर्थिक बर्षमा आकस्मिक सेवा का जम्मा सेवाग्राहि ३२९९ जना रहेका छन । संख्यात्मक रूपमा गत आ.व भन्दा यस आ.व मा सेवाग्राहीको संख्यामा वृद्धीभएको देखिन्छ । सेवाग्राहिको आंकडामा हेर्दा यस आ.व.मा जम्मा अस्पताल सेवाको १३ प्रतिशत सेवा आकस्मिक सेवाबाट दिईएको देखिन्छ ।




यस आर्थिक बर्षमा अस्पतालमा चिकित्सकको संख्या बढी र बिशेषज्ञ सेवा रहेकाले अस्पतालको सेवा प्रबाह गुणस्तरीय भएका कारण अस्पतालमा सेवा लिन आएका सेवाग्राहीलाई अन्त प्रेषण गत आ.व.को तुलनामा कमि भयको भएको देखिन्छ ।


## निःसुल्क अन्तरंग सेवा









जिल्ला अस्पताल अछाम बाट प्रदान गरिने सेवाहरूमध्ये यो सेवा पनि पर्दछ जहाँ १५ वटा बेडको व्यवस्था गरि निशुल्क रूपमा यो सेवा सञ्चालन गरिएको छ । यो सेवा प्रदान गर्नका लागी हरेक दिन तिन सिफ्टमा नर्सिङ स्टाफलाई खटाईएको हुन्छ साथै अन्तरंग सेवामा भर्ना भएका बिरामीलाई बिहान र साझ अन कल ड्युटीमा रहेका चिकित्सक ले जाच गर्ने गर्दछन यसका साथै अस्पतालले भर्ना भएका बिरामीहरूलाई आवश्यक औषधि र बिहान, साझको खाना समेत निशुल्क रूपमा उपलब्ध गराउदै आएको छ ।





माथि देखाईएको तथ्यांक अनुसार आर्थिक बर्ष २०८०/८१मा अन्तरंग सेवा मा भर्ना भएका बिरामीको जम्मा संख्या १७६१ पुगेको छ भने डिर्चाज गरिएका बिरामिको संख्या १६९२ पुगेको छ ।


❖ नर्स, अन्तरंग बिरामी अनुपात




- ❖ **Bed Occupancy Rate**
- ❖ **Average Length Of Stay**





माथी देखाईएको तथ्यांक अनुसार यस आर्थिक बर्षमा Bed Occupancy Rate / Average Length Of Stay क्रमश: ४९.७३ प्रतिशत र ३.४६ रहेको देखिन्छ ।

## घ.सुरक्षीत प्रसुति सेवा




यस अस्पतालबाट प्रदान गरिने महत्वपुर्ण सेवा मध्य यो सेवा पनि पर्दछ । यो सेवा प्रदान गर्नका लागी Advanced SBA तालिम प्राप्त चिकित्सक तथा SBA तालिम प्राप्त नर्सहरूको ब्यबस्था गरिएको छ । सुरक्षित प्रसुति सेवा जुनसुकै समयमा निशुल्क रूपमा तालीम प्राप्त तथा अनुभबि स्वास्थ्यकर्मिद्धारा प्रदान गर्ने गरिन्छ । सुरक्षित प्रसुति सेवा संग सम्बिन्धित मुख्य तथ्यांकहरू निम्नानुसार प्रस्तुत गरिएका छन ।


### ❖ सुरक्षित प्रसुति जम्मा संख्या





माथि देखाईएको तथ्यांक अनुसार गत आ.ब.को तुलनामा यस आ.ब.मा पनि सेवाग्राहिको संख्या घटेको देखिन्छ। जिल्ला अस्पताल स्थित सदरमुकाम वरपर का स्वास्थ्य संस्था मा बर्थिङ सेन्टर स्थापना भएकाले सेवाग्राहि संख्या परिबर्तन भएको हो ।

❖ सुरक्षित प्रसुति संख्या(**Normal Spontaneous Deliveries, Vacuum Deliveries and C/S Deliveries**)











माथि प्रस्तुत गरिएको तथ्यांक अनुसार यस आर्थिक बर्षमा जम्मा NormalSpontaneous Deliveries संख्या३५२रहेको छ, Vacuum Deliveries४रहेको छ भने जम्मा C/S De;iveries८६ रहेको छ । जटिल किसिमका प्रसुति बढी भयकाले शल्यक्रिया मार्फत हुने प्रसूति गत आ ब भन्दा यो आ ब मा घटेको देखियको हो।

## ङ.डट्स सेवा


अस्पताल बाट प्रदान गरिने यो सेवा सनिवार तथा सार्वजनिक बिदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि साझ ५:०० बजेसम्म सञ्चालन हुने गर्दछ । यो सेवा प्रवाह गर्नका लागी अस्पतालले एक छुट्टै कोठा तथा एक जना दक्ष जनशक्ति उपलब्ध गराई निशुल्क सेवा दिने व्यबस्था गरेको छ । यस सेवा संग सम्बन्धित महत्वपुर्ण तथ्यांकहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।





माथि प्रस्तुत गरिएको तथ्यांक अनुसार यस आर्थिक बर्षमा गत आर्थिक बर्षको तुलनामा डट्स सेवा मा दर्ता भएका टि.बि केशको संख्यामा केहि मात्रामा बृद्धी भएको देखिन्छ भने रोग निको हुने दर ७३ प्रतिशत रहेकको छ साथै गत आ ब भन्दा यो आ ब मा क्षयरोगका बिरामी बढेको देखिन्छ।

## च.शल्यक्रिया सेवा



जिल्ला अस्पताल अछामले जटिल तथा सामान्य दुबै किसिमका शल्यक्रिया सेवा प्रदान गर्दै आईरहेको छ । CSजटिल शल्यक्रिया र प्लास्टर, मिनिल्याप, भ्यासेक्टोमी सेवा,चोटपटकमा टाका लगाउने आदि सामान्य शल्यक्रिया सेवामा उपलब्ध छन ।


निम्नानुसार प्रस्तुत गरिएको तथ्यांक अनुसार यस आर्थिक बर्षमा गरिएको जटिल किसिमको शल्यक्रिया सेवा को सेवाग्राहीमा बिगत का आ.ब. भन्दा केही संख्यामा बृद्धी भएको देखिन्छ । त्यसैगरी सामान्य किसिमको शल्यक्रिया सेवा को सेवाग्राहि पनि बिगतको तुलनामा केहि संख्यामा बृद्धि भएको देखिन्छ ।




## छ.सुरक्षित गर्भपतन सेवा


जिल्ला अस्पताल अछामले नेपाल सरकार ले तोकेको मापदण्ड भित्र रहि बिगतका आ.व सम्म १२ हप्तासम्मको गर्भका लागी Surgical गर्भपतन सेवा प्रदान गर्दै आइरहेका र १० हप्ता भन्दा तलको लाई Medical गर्भपतन सेवा पनि उपलब्ध गराउदै आईरहेको छ ।

### ❖ सुरक्षित गर्भपतन सेवा पाएका सेवाग्राहिको संख्या




माथि दिईएको तथ्यांक अनुसार गत आ.व को तुलनामा यस आ.व मा केहि मात्रामा सुरक्षित गर्भपतन सेवा प्रदान गरिएको सेवाग्राहि संख्यामा Surgical गर्भपतन सेवामा बढी र Medical गर्भपतन सेवाकमभएको देखिन्छ । यस जिल्लाका अन्य स्वास्थ्य संस्थामा पनि सुरक्षित गर्भपतन सेवा सञ्चालन भएकोले यस आ.व मा सुरक्षित गर्भपतन सेवा लिने को संख्यामा कमि आएको देखिन्छ ।

❖ सुरक्षित गर्भपतन पश्चात परिवार नियोजनको साधन प्रयोग गर्नेको संख्या





यस आर्थिक बर्षमा गत आ.व भन्दा गर्भपतन पश्चात परिवार नियोजनका साधन प्रयोग कर्ताको संख्यामा छोटो अबधिको साधन प्रयोगर्नेको संख्या कमि र लामो अबधिको साधन प्रयोगगर्ने बढेको छ ।जम्मा १३३ मेडिकल तथा सर्जिकल गर्भपतन सेवा प्रदान गरिएकोमा ८८ जना लामो अवधिको परिवार नियोजनको साधन प्रयोगकर्ता छन भने ४५ जना छोटो अवधिको परिवार नियोजनको साधन प्रयोगकर्ताहरू छन ।

## ज.एक्स रे, ईसिजि, भिडियो एक्सरे सेवा

❖ एक्स रे सेवा

अस्पतालबाट प्रदान गरिने यो सेवा सनिवार तथा सार्बजनिक बिदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि साझ ५:०० बजेसम्म नियमित रूपमा सञ्चालन हुदै आईरहेको छ यस का साथै यस संग सम्बन्धित आकस्मिक सेवा २४ सै घण्टा सेवाग्राहिको अवस्थालाई मध्यनजर गरेर सञ्चालन गर्ने गरिन्छ । अस्पतालमा यो सेवा प्रदान गर्नका लागी दुई जना रेडियोग्राफर कार्यरत छन । यो सेवा संग सम्बन्धित तथ्यांक निम्नानुसार छ ।





माथि प्रस्तुत गरिएको तथ्यांक अनुसार यस आर्थिक बर्षमा एक्स रे सेवाग्राहि मा केही संख्या बढेकोदेखिन्छ।

❖ ईसिजि सेवा


सनिबार तथा सार्बजनिक बिदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजे देखि ५:०० बजेसम्म यो सेवा प्रदान गर्ने गरिन्छ यसका साथै सेवाग्राही को अवस्था तथा आकस्मिक अवस्थामा यो सेवा चौबिसै घण्टा दक्ष स्वास्थ्यकर्मि बाट प्रदान गर्ने ब्यबस्था जिल्ला अस्पताल अछामले गरेको छ । यो सेवा नेपाल सरकार ले तोकेका लक्षित बर्गलाई निशुल्क उपलब्ध रहेको छ । यो सेवा संग सम्बिन्धित तथ्यांक निम्नानुसार प्रस्तुत गरिएको छ ।निम्नानुसार प्रस्तुत तथ्यांक लाई बिश्लेषण गर्दा यस आर्थिक बर्षमा जम्मा ७८३ जनालाई ईसिजि सेवा प्रदान

गरिएको छ । ईसिजि सेवाको लागी आवश्यक औजार तथा उपकरणको उपलब्धता तथा सेवामा नियमितताका कारण यस आर्थिक बर्षका गत आ.ब. को तुलनामा ईसिजि सेवा लिने सेवाग्राहीको संख्या मा बृद्धी भएको छ ।




## ❖ भिडियो एक्स रे सेवा

सनिबार तथा सार्बजनिक बिदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजे देखि ५:०० बजेसम्म यो सेवा प्रदान गर्ने गरिन्छ यसका साथै सेवाग्राही को अवस्था तथा आकस्मिक अवस्थामा यो सेवा चौबिसै घण्टा दक्ष स्वास्थ्यकर्मि बाट प्रदान गर्ने ब्यबस्था जिल्ला अस्पताल डोटीले गरेको छ । यो सेवा नेपाल सरकार ले तोकेका लक्षित बर्ग तथा चौथो पल्ट गर्भजाचका लागी आएका गर्भवति महिलालाई निशुल्क उपलब्ध रहेको छ । यो सेवा संग सम्बिन्धित तथ्यांक निम्नानुसार प्रस्तुत गरिएको छ ।





गत आर्थिक बर्षको तुलनामा यस आर्थिक बर्षमा भिडियो एक्स रे सेवा पाएका सेवाग्राहिको संख्यामा उल्लेखनीय रूपमा बृद्धी भएको माथिको तथ्यांकले देखाएको छ ।

झ.प्रयोगशाला सेवा





यो सेवा सनिबार तथा सार्वजनीक बिदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि साझ ५:०० बजेसम्म सञ्चालन गर्ने गरिन्छ भने बिरामीहरूको आकस्मिक अवस्थालाई मध्येनजर गर्दै आकस्मिक सेवा चौबिसै घण्टा प्रदान गर्ने गरिन्छ साथै नेपाल सरकारले तोकेका लक्षित बर्ग लाई यो सेवा निशुल्क रूपमा प्रदान गर्ने गरिन्छ । अस्पताल बाट प्रदान गरिने निदानात्मक सेवा अन्तर्गत बिभिन्न किसिमका प्रयोगशाला सेवा प्रबाह गर्ने गरिन्छ । यस सेवा अन्तर्गत Hematology, Parasitology, Biochemistry, Bacteriology, Serology, Special Test सेवाहरू प्रदान गर्ने गरिन्छ । AFB Stain, Leprosy Smear, CD4 Count, HIV(HCT) यस अस्पतालको प्रयोगशाला अन्तर्गत निशुल्क प्रदान गरिने सेवाहरू हुन ।यो सेवा संग सम्बिन्धित तथ्यांक निम्नानुसार प्रस्तुत गरिएको छ ।




जिल्ला अस्पतालअछामबाट उपलब्ध प्रयोगशाला जाच तथा सेवाहरू

1. **Hematology**
   - CBC
   - Grouping
   - BT
   - CT
   - Rectics
   - MP
   - PBS
   - MCH
   - MCV
   - HBA1c
2. **Parasitology**

- Stool R/E, M/E
- Occult Blood
- Urine R/E
- Ketone Bodies
- Pregnancy Test

3. **Biochemistry**
    - Glucose Test
    - Urea Test
    - Creatinine
    - Uric Acid
    - Bilirubin
    - Protein
    - Albumin
    - LFT
    - Lipid Profile
4. **Bacteriology**
    - AFB Stain
    - Gram Stain
    - Body Fluid Analysis
    - Leprosy Smear
5. **Serology**
    - ASO Titer
    - RA Factor
    - CRP
    - Widal Test
    - MP Rapid Test
    - $K_{39}$Test
    - Mantoux Test
    - $HB_sAg$
    - HCV
    - VDRL
    - HIV


**6. Special Test**

- Gene X-Pert
- Semen Analysis
- जिल्ला अस्पताल अछाममा यस आर्थिक बर्षमा ११३०८ प्रयोगशाला सेवा प्रदान गरिएकोमा सबैभन्दा बढि Hematology का Test हरू भएको तथा सबैभन्दा कम Biochemistry का Test हरू भएको छ।

ञ.ए.आर.टि.सेवा




अस्पतालबाट प्रदान गरिने यो सेवा सनिवार तथा बिदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि साझ ५:०० बजेसम्म सञ्चालन हुने गर्दछ । यो सेवा प्रदान गर्नका लागी अस्पतालले एक जना एआटि परामर्सकर्ताको ब्यबस्था गरेको छ । अस्पतालले HIV संक्रमित बिरामीका लागी नियमित रूपमा CD4 Count को ब्यबस्था गरेको छ ।




## क्षयरोग

अस्पतालबाट प्रदान गरिने यो सेवा सनिवार तथा बिदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि साझ ५:०० बजेसम्म सञ्चालन हुने गर्दछ । यो सेवा प्रदान गर्नका लागी एक जना क्षयरोग परामर्सकर्ताको ब्यबस्था गरेको छ ।



माथिको तथ्यांक हेर्दा गत आ ब भन्दा यो आर्थिक वर्षमा क्षयरोगको बिरामी बढेको देखिन्छ साथै बिरामी सन्चो हुने दर पनि पढेको छ ।

### ट.रक्तसञ्चार सेवा

यस अस्पतालले बिगत केहि बर्षदेखि नेपाल रेडक्रस सोसाइटी अछाम शाखाबाट आवश्यक पर्दा रक्तसञ्चार सेवा प्रवाह गर्दै आईरहेको छ । नेपाल रेडक्रस सोसाईटी र जिल्ला अस्पताल प्रयोगशाल प्राबिधिकको सहयोगमा यस संस्थाबाट रक्तअल्पता भएका विरामिले, शल्यक्रिया, पोलिएका बिरामि, Hemophilia, थेलेसिमिया, Sickles cell anemia, अशुरक्षित गर्भपतन, सडक दुर्घटना आकस्मिक रक्त सञ्चार सेवा दिएको छ ।


### .२ प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवा

- गर्भवति जाच सेवा
- परिवार नियोजन सेवा
- खोप सेवा
- स्वास्थ्य शिक्षा

### क.गर्भवति जाच सेवा




अस्पतालबाट प्रबद्धनात्मक सेवा अन्तर्गतको यो सेवा सनिवार तथा सार्वजनिक बिदाको दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि साझ ५:०० बजेसम्म सञ्चालन हुने गर्दछ । यो सेवा प्रदान गर्नका लागी अस्पताल ले एउटा छुट्टै कोठाको साथै एक जना नर्सिङ स्टाफको ब्यबस्था गरेको छ । यो सेवा दिदा दक्ष तथा तालीम प्राप्त नर्सिङ स्टाफ ले निशुल्क रूपमा गर्भचाज गर्नुका साथै उचित परामर्श सेवा प्रदान गर्ने गर्दछन । यो सेवा संग सम्बन्धित महत्वपुर्ण तथ्यांकहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।




माथि प्रस्तुत गरिएको तथ्यांक अनुसार यस आर्थिक बर्षमा प्रोटोकल अनुसार पहिलो पल्ट र प्रोटोकल अनुसार चौथो पल्ट गर्भजाच गराउने सेवाग्राहिको संख्यामा केहि मात्रामा घटेको देखिन्छ । यस जिल्लाका अन्य स्वास्थ्य संस्थामा पनि गर्भवती सेवा सञ्चालन भएकोले यस आ.व मागर्भवती चेक सेवा लिने को संख्यामा कमि आएको देखिन्छ ।

## ख.परिवार नियोजन सेवा

जिल्ला अस्पताल अछामले प्रबर्द्धनात्मक सेवा अन्तर्गत स्थाई तथा अस्थाई दुवै किसिमका परिवार नियोजनको सेवा प्रदान गर्दै आइरहेको छ । अस्पतालले यो सेवा प्रदान गर्नका लागी दक्ष एबम् तालिम प्राप्त जनशक्तिको ब्यबस्था गरेको छ । अस्थाई परिवार नियोजन सेवाका लागी अस्पतालले एउटा छुट्टै कोठाको ब्यबस्था गरेको छ भने स्थाई परिवार नियोजन सेवाअन्तर्गत पुरूष बन्ध्याकरण तथा महिला बन्ध्याकरण सेवा अस्पतालमा रहेको शल्यक्रिया कक्षमा नियमित रूपमा उपलब्ध गराउदै आएको छ । दुई आर्थिक बर्षको यस अस्पतालबाट प्रदान गरिएको परिवार नियोजन सेवाका तथ्यांकिय बिवरण निम्नानुसार रहेको छ ।

| सि.न | परिवार नियोजनको साधन(Current User) | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|
| १ | अस्थाई साधन | | | |
| क | पिल्स | १६ | ५ | ५ |
| ख | डिपो | ६१ | ३८ | २० |
| ग | ईम्प्लान्ट | ४७६ | ४८५ | ४९५ |
| घ | आयुसिडि | ५७ | ११९ | १३२ |

## ग.खोप सेवा

जिल्ला अस्पताल अछामबाट प्रतिकारात्मक सेवा अन्तर्गत रहेको यस सेवालाई प्रत्येक महिनाको १५ गते सञ्चालन गर्ने गरिन्छ । यस सेवा अन्तर्गत राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका सम्पुर्ण खोपहरू उपलब्ध हुने गर्दछ । त्यसै गरि गर्भवति महिलाका लागी टि.डि. खोप सनिवार तथा सार्बजनिक बिदाका दिनबाहेक हरेक दिन बिहान १०:०० बजे देखि साझ ५:०० बजेसम्म उपलब्ध हुने गर्दछ ।

## घ.स्वास्थ्य शिक्षा सेवा

यस अस्पतालले स्वास्थ्य सेवा तथा अस्पताल संग सम्बिन्धित उपयोगी सन्देशहरू जनसमुदायमा सम्म प्रबाह गर्नका लागि बिभिन्न किसिमका श्रब्य दृष्य तथा दृष्य स्वास्थ्य शिक्षा सामग्रिको ब्यबस्था गर्नुका साथै सुचनाका प्रबिधिहरू प्रयोग गर्दै आएको छ । यस अन्तर्गत जिल्ला अस्पताल अछामले सुचना तथा सन्देश प्रबाहका लागी बहिरंग सेवा

अन्तर्गत बिरामी तथा कुरूवा बस्ने स्थानमा टि.भि.को माध्यमबाट स्वास्थ्य शिक्षाप्रदर्शन गर्ने व्यबस्था गरिएको छ, यसका साथै स्वास्थ्य संग सम्बिन्धित बिभिन्न किसिमका पोष्टर तथा पम्प्लेट आदिहरूलाई संकलन गरी स्वास्थ्य शिक्षा प्रदान गर्नका लागी बहिरंग सेवाको बिरामि कुरूवा बस्ने स्थानकम स्वास्थ्य शिक्षा  कर्नरको स्थापना गरिएको छ ।

## २.३ एकद्धार संकट ब्यवस्थापन केन्द्र (**OCMC**)



जिल्ला अस्पताल अछाममा लैगिंक हिंसा संग सम्बिन्धित तथा स्वास्थ्य क्षेत्रमा सामाजिक समाबेशिकरण एवम लैगिंक समानतालाई सुदृढ गर्नका लागी एकद्धार संकट व्यबस्थापन केन्द्रको स्थापना गरिएको छ । लैगिंक हिंसाबाट पिडित समुहलाई जुनसुकै अवस्थामा पनि यो सेवा प्रदान गर्ने गरिन्छ । अस्पतालले यो सेवा प्रवाहको लागी परामर्शकर्ताका रूपमा एकजना स्टाफ नर्स को व्यबस्था गरेको छ । यसका साथै यस केन्द्रमा आएका सेवाग्राहिको स्वाथ्य जाच अस्पतालमा उपस्थित मेडिकल अधिकृतले दिदै आइरहेका छन । जातिय, राजनितिक, धार्मिक तथा सामाजिक अवस्थाबाट पिडितहरूलाई आवश्यक सहयोग प्रदान गर्नुनै यस केन्द्रको मुख्य उद्येश्य रहेको छ । यस सेवा अन्तर्गत यो आ ब मा जम्मा ३९४ जनाले सेवा लिनुभएको छ।

## २. ४**Medico-legal** सेवा

अस्पताल बाट प्रदान गरिने यो सेवाका लागी प्रत्येक दिन दक्ष चिकित्सकहरू उपलब्ध गराईन्छ । यस सेवा अन्तर्गत जिल्ला अस्पताल अछामले पोर्ष्टमार्टम सेवा, मादक पदार्थ सेवन जाच सेवा , घाउ चेकजाच सेवा तथा शारिरिक परिक्षण सेवा उपलब्ध गराउदै आएको छ यसका साथै अस्पतालले पोष्टमार्टम सेवाका लागी अलग्गै भवनको ब्यबस्था गरेको छ ।

## ३.१ निशुल्क स्वास्थ्य सेवा

जिल्ला अस्पताल अछामले नेपाल सरकारले निर्धारण गरेका लक्षित बर्गहरूलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ । यस अन्तर्गत अस्पतालले प्रदान गर्ने सम्पुर्ण सेवाहरूलाई आवश्यकता अनुसार निशुल्क प्रदान गर्दछ । यस आ.व मा जिल्ला अस्पताल अछामले प्रदान गरेका निशुल्क स्वास्थ्य सेवाहरूको बिवरण निम्नानुसार रहेको छ ।


| | |
|---|---|
| Ultra Poor and Poor | १८१ |
| Helpless | ४२ |
| Person with Disability | २८ |

| | |
|---|---|
| Senior Citizen | १४७५ |
| Victims of Gender Based Violence | १०७ |
| FCHV | २७ |
| Total | १८६० |

## ३.२ निशुल्क औषधि बितरण सेवा



अस्पतालले ओ.पि.डि सेवा अन्तर्गत यस निशुल्क औषधि बितरण सेवा प्रबाह गर्नका लागी एक अलग्गै कोठा तथा एक जना प्राबिधिक कर्मचारी को ब्यबस्था गरेको छ । यो सेवा सनिवार तथा सार्वजनिक बिदाका दिन बाहेक प्रत्येक दिन बिहान ११:०० बजेदेखि साझ ५:०० बजे सम्म सञ्चालन गर्ने गरिछ । अस्पतालले नेपाल सरकारले तोके बमोजिमका ९८ प्रकारका औषधिहरू निशुल्क उपलब्ध गराउदै आईरहेको छ । ति औषधि तल उल्लेख छन्




## ४. अस्पताल ब्यबस्थापन

- बित्तिय ब्यबस्थापन
- अस्पताल गुणस्तर एवं सेवा सुदृढिकरण

## क. बित्तिय ब्यबस्थापन

अस्पतालको बित्तिय व्यवस्थापनका लागी आवश्यक बजेट बिभिन्न किसिमका आर्थिक स्रोतहरूबाट प्राप्त हुने गर्दछ । नेपाल सराकार बाट प्राप्त हुने अनुदान रकम, अस्पतालले बिभिन्न किसिमका सेवा प्रवाह बापत लिने गरेको आन्तरिक आय तथा गैर सरकारी निकाय बाट प्राप्त हुने रकम जिल्ला अस्पताल अछामका प्रमुख आयका स्रोतहरू हुन ।जिल्ला अस्पताल बिकास समिति अछामको यस आर्थिक बर्षका आय रू.१,७८,७५,९२८ तथा ब्यय रू. १,५५,३५,९६९ रहेको छ।

## ख.अस्पताल गुणस्तर एवं सेवा सुदृढिकरण

स्वास्थ्य सेवा बिभाग व्यबस्थापन महाशाखाको अस्पताल गुणस्तर एवं सेवा सुदृढिकरण कार्यक्रमले जिल्ला अस्पताल अछामको सकरात्मक परिबर्तनमा महत्वपुर्ण भुमिका निर्वाह गरेको छ । यस कार्यक्रमले हालको अवस्थामा आएर जिल्ला अस्पताल अछामको बिगत का बर्षहरूको तुलनात्मक रूपमा ब्यबस्थापकिय पक्षलाई सुदृढ गरी अस्पताल स्तरबाट प्रदान गरिने न्युनतम स्वास्थ्य सेवाको सुनिश्चितता गर्न सहयोग पुऱ्याएको छ । ब्यबस्थापन महाशाखा को यस कार्यक्रमले अस्पतालमा भौतिक तथा ब्यबस्थापकिय सुधारका क्षेत्रमा परिबर्तन ल्याउन सफल भईरहेको छ।

## ५.जिल्ला अस्पतालका नया प्रयासहरू

### क.नियमित CME(Continue Medical Education) कार्यक्रम संचालन

जिल्ला अस्पताल अछामले यसै आर्थिक बर्ष देखि नियमित रूपमा प्रत्येक हप्ताको शुक्रबार CME कार्यक्रम संचालन गर्दै आईरहेको छ । जिल्ला अस्पतालमा कार्यरत प्राबिधिक कर्मचारीहरूले नियमित रूपमा स्वास्थ्य क्षेत्रका बिभिन्न बिषयहरूमा छलफल तथा प्रस्तुतिहरू गरी यो कार्यक्रम संचालन गर्ने गरिन्छ ।

### ख.भौतिक संरचना मर्मत

जिल्ला अस्पताल अछामले यसै आर्थिक बर्षमा बिगतका बर्षदेखि पुराना देखिरहेका भवनहरू को मर्मत सुधार गर्नुका साथै अस्पतालको भवन तथा परिसर भित्रका संरचनाहरूमा रंगरोगन कार्य गरेको छ । यसका साथै अस्पतालको परिसर वरपर घेरवार,अस्पताल प्रांगण मर्मत सुधार गर्नुका साथै अस्पताल वरपर का वातावरण को सुन्दरतालाई ध्यानमा राखि अस्पताल को प्रांगणमा गार्डेन को रचना गरिएको छ ।

### ग. आकस्मिक कक्षको स्तरोन्नती

जिल्ला अस्पताल अछामले यसै आर्थिक बर्षमा बिगतका दिनमा सानो तथा सेवा प्रबाह गर्न कठिन अवस्थामा रहेको आकस्मिक कक्षको स्तरोन्नती गरी ठाउ फराकिलो पारी आकस्मिक सेवा लिन आउने बिरामी तथा सेवा प्रबाह गर्ने सेवाप्रदायकलाई सहज किसिमको वातावरण बनाएको छ साथै आकस्मिक कक्ष लाई ३ बेड बाट ५ बेड बनाएको छ।

## ६.अस्पतालको वर्तमान अवस्था विश्लेषण तथा भाबि कार्यदिशा

### ६.१ अस्पतालका सबल पक्षहरू

- बिशेषज्ञ सेवा सुचारु(ASBA trained Medical officers
- आकस्मीकसेवावेडलाई३वाट५पुर्याईएकोछ।
- अक्सिजनप्लान्टसंचालनमाआयको।
- पोर्टेबलएक्सरेमेसिन, अटोक्लेभ।
- सिटिजीमेसिन
- प्रयोगशालामाupgrade गरियको
- Mortuary freeze संचालन
- BMLT द्वाराल्याबसेवासुचारु
- MATraining site
- k wire services start
- इमान्दार तथा लगनशिल कर्मचारी समुह
- नियमित रूपमा सामान्य तथा जटिल किसिमका शल्यक्रिया सेवा
- नियमित रूपमा दक्ष चिकित्सक तथा (MDGP)क्लिनिकल कोओर्डिनेटरको उपलब्धता
- बिद्युत को बिकल्पका रूपमा जेनेरेटर तथा सोलार पावरको उपलब्धता
- अस्पताल बिकास तथा सुधारका कार्यमा अस्पताल बिकास समितिको निरन्तर सहयोग

### ६.२ अस्पतालका प्रमुख चुनौतीहरू

- भौतिक संरचनाको कमि
- सेवा प्रवाह गर्न प्रयाप्त ठाउँको अभाव
- छुट्टै भण्डार शाखा नभएको
- **Nursing staff** को कमि
- स्वीकृत दरबन्दी कमि हुनुका साथै स्थायी पदपुर्ति नहुनु
- नियमित रुपमा आपुर्ति हुने कार्यालय सामाग्रीको खरिदका लागि बजेटको अभाव
- निःशुल्क वितरणको लागि औषधिको अभाव
- उचित फोहोरमैला ब्याबस्थापन हुन् नसकेको
- स्वाथ्य संरचना को अभाब
- अस्पतालमा कार्यरत कर्मचारीहरूको लागी आवास गृहका अपर्याप्तता
- कहिलेकाहि अत्यावश्यक औषधिको अभाव हुनु


### ६.३ अस्पतालको भावी कार्ययोजना

- हाल १५ सैयामा सञ्चालित जिल्ला अस्पताललाई अछामलाई ५० सैयाको अस्पतालका रूपमा विकसित गर्ने।
- To start culture service
- Construction of water facility
- ICU and ventilator start
- Construction  Hospital new building ( on going process )
- Admit consultant
- waste management
- Token and Que system.
- EHR system
- EHS services  start

## <u>केहि फोटोहरु</u>












TB diagnostic algorithm


कागज,प्लाष्टिक
फलाम,सिसा
(नसड्ने फोहरहरु)


Positive Test Result
Counsel for Positive Result
BIOHAZARD

